
लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रिन्छ । लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रि वितरण तथा सेवन कानूनतः दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

REDUCE YOUR RISK OF COVID-19 INFECTION
प्रतिदिन
STAY HOME
STAY SAFE
#stayhome #staysafe

वर्ष-१३ ।। अङ्क : १६० ॥ २०७८ श्रावण २९ गते शुक्रबार (13th Aug 2021 Friday)   Pratidin National Daily   dNo–?:%÷–

झापामा कोरोनाबाट मृत्यु हुनेको सँख्या ५ सय नाघ्यो

झापा (प्रस) । झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ५ सय नाघेको छ । बुधबार कोरोना संक्रमणबाट चारजनाको मृत्यु भएसँगै कोरोनाबाट ज्यान जानेको सँख्या ५०३ पुगेको हो । बुधबार एकैदिन मेची अस्पतालमा तीनजनाको मृत्यु भएको छ । भद्रपुरका ७६ वर्षिय पुरुष , गौरादहका ४४ वर्षिय पुरुष र मेचीनगरका ७६ वर्षिय पुरुषको मेची अस्पतालमा मृत्यु भएको हो । त्यस्तै इलामकी ७० वर्षिया महिलाको बिएण्डसी हस्पिटलमा मृत्यु भएको छ । बिहीबार भने कसैको पनि मृत्यु भएको छैन ।

झापामा कोरोना संक्रमितको मृत्युको तथ्यांकलाई हेर्दा दोस्रो लहरमा ३७४ जनाको ज्यान गएको छ भने पहिलो

❖ बाँकी अन्तिम पृष्ठमा


झापा जिल्लामा कोभिड १९(दोश्रो लहर)बाट उमेर समुह अनुसार मृत्यु सम्बन्धी बिबरण
मिति २०७८।०४।२६गते सम्म ३६९ जना को मृत्यु


स्थानिय तहमा कोभिड-19को दोस्रो लहरबाट PCR संक्रमित

मिति: 2078/04/२५ गतेसम्म

क्र.सं.	Municipality/ village Development Comittee	Positive case	Active Case	Recover	Death		
					F	M	Total
1	दमक न.पा.	३२६१	६५४	२५७०	१४	३२	४६
2	बिर्तामोड न.पा.	२९१९	५४४	२३२६	२९	२०	४९
3	मेची न.पा.	१७०५	२१७	१४४७	१७	२४	४१
4	भद्रपुर न.पा.	[illegible]	[illegible]	[illegible]	७	३०	३७
5	अर्जुनधारा न.पा.	११६६	१९८	९३८	१०	२०	३०
6	कन्काई न.पा.	११४५	२०६	९२०	७	१२	१९
7	गौरादह न.पा.	२४५	३७	१९७	४	६	१०
8	शिवसताक्षी न.पा.	७१८	१३५	५६९	५	९	१४
9	बुद्धशान्ती गा.पा.	६०८	९३	४९१	११	१३	२४
10	हल्दिबारी गा.पा.	३०७	२४	२७५	२	६	८
11	कचनकवल गा.पा.	११३	३	१०६	१	३	४
12	कमल गा.पा.	३७९	४२	३२८	४	५	९
13	गौरिगञ्ज गा.पा.	१५६	४	१४८	१	३	४
14	बाह्रदशी गा.पा.	१९०	३२	१५०	४	४	८
15	झापा गा.पा.	१५३	७	१३९	३	४	७
16	अन्य	१८२	३४	१४८	२३	३६	५९
जम्मा		१५२३७	२४८९	१२४३८	१४२	२२७	३६९

झापा नाटक घरलाई झापाली समाज युएईको सहयोग

झापा (प्रस) । प्रदेश नं. १ कै पहिचान झल्काउने उद्देश्यका साथ झापाको बिर्तामोडमा बन्दै गरेको बहुजातीय साँस्कृतिक संग्रहालयसहितको झापा नाटक घरलाई पूर्णता दिन प्रवासी झापाली समुदायको निकै चासो पाइएको छ ।

आफ्नो जिल्लाको पहिचान झल्कने गरी निर्माण भइरहेको साँस्कृतिक संग्रहालय तथा झापा नाटक घरको जमिन खरिद सहयोग संकलन अभियानका लागि झापाली समाज युएईले सबैलाई आव्हान गर्दै अघि बढिरहेको अभियानका सचिव रामप्रसाद ढुङ्गेलले जानकारी दिएका छन् ।

'झापा नाटक घरका लागि १ धुरभन्दा बढी जमिन खरिद गर्ने हाम्रो लक्ष्य छ ,रकम जुट्दैछ । स्थिति सहज भएपश्चात् हामी हस्तान्तरणको तयारीमा जुटेका छौ' सहयोग संकलन अभियानका संयोजक तथा झापाली समाज युएईका सचिव लोकेश कोइरालाले भने । जग्गा खरिद समर्पण अभियानमा झापाली समाज युएईले १ लाख १ हजार रुपैयाँ सहयोग उपलब्ध गराउने र शिलालेखमा झापाली समाज युएई -१ धुर जग्गा लेखाउने लक्ष्य लिइएको छ ।

'स्वदेशमा भन्दा विदेशमा रहनेहरुलाई माटो र मातृभूमिप्रतिको स्नेह प्रगाढ बन्दोरहेछ, एक बर्ष अघिदेखि यो पवित्र कला मन्दिर निर्माणमा ऐक्यवद्धता जाहेर गर्न चाहेर पनि विषम परिस्थितिका बावजुद गाह्रो भएको थियो तर, अहिले धमाधम सबैबाट सहयोग जुट्दैछ' अध्यक्ष दुर्गाप्रसाद सापकोटाले भने ,'सबै प्रवासी झापाली समाज युएईका

❖ बाँकी अन्तिम पृष्ठमा

मास्क अभियानलाई स्वास्थ्य सामग्री सहयोग

झापा (प्रस) । नेपाल मास्क अभियानलाई सहयोग पुर्याउने उद्धेश्यका साथ झापाका तीनवटा पालिकालाई स्वास्थ्य सामग्री प्रदान गरिएको छ । झापा, गौरीगञ्ज र कचनकवल गाउँपालिकालाई १८ हजार पिस सर्जिकल मास्क,१५० बोतल सेनिटाइजर ,६०० जोडी सर्जिकल ग्लोब्स् र १५० पिस पीपीई हस्तान्तरण गरिएको हो । अष्ट्रेलियन गभर्मेन्ट डिपार्टमेन्ट अफ फरेन अफेर्स एन्ड ट्रेड र लुथरन वर्ल्ड फेडेरेसन नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालका लागि कोभिड १९ आपतकालीन उद्धार परियोजनाअन्तर्गत न्याय तथा विकासका लागि सामाजिक संजालद्वारा कोरोना भाइरस संक्रमणको रोकथामका लागि अग्रपंक्तिमा कार्यरत स्वास्थ्यकर्मी, सुरक्षा निकाय, समुदायमा आधारित संस्था, सहकारी, महिला अधिकारकर्मीहरुलगायत र नेपाल सरकारले संचालन गरेको नेपाल मास्क अभियानलाई सहयोग पुर्याउने उद्धेश्यले ती सामग्री प्रदान गरिएको न्याय तथा विकासका लागि सामाजिक संजालका प्रमुख कुमार चुडालले बताए ।

कर तिर्ने अवधि बढाउन वाणिज्य संघको माग

बिर्तामोड (प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले तीन महिनायताको निषेधाज्ञाका कारण व्यापार व्यवसाय ठप्प रहेकाले अन्तःशुल्क बापतको कर तिर्ने अवधि थप गर्न माग गरेको छ ।

संघका अध्यक्ष प्रकाश शिवाकोटीले आन्तरिक राजस्व कार्यालय झापालाई लिखित रुपमा पत्र बुझाउँदै म्याद थप गर्न माग गरेका हुन् । संघका कोषाध्यक्ष दिपेन्द्र राउतका अनुसार संघले २०७८ साल असोज मसान्तसम्म कर बुझाउने म्याद थप गर्नका लागि आन्तरिक राजस्व कार्यालय चन्द्रगढीसँग माग गरेको हो ।

'बैंक ब्याज, घरभाडा तथा राजश्व बुझाउन कठिन भएको अवस्थामा समेत उद्योगी व्यवसायीहरुले राज्यलाई कर तिर्ने कुरामा कुनै द्विविधा छैन', पत्रमा भनिएको छ, 'मासिक रुपमा बुझाउनु पर्ने मास्केबारी तथा अन्तशुल्क बापतको कर बुझाउन लकडाउनका कारण कठिनाइ भएकाले म्याद थप गर्ने व्यवस्था मिलाई आवश्यक सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।'

अपाङ्गता भएकाहरुले सहयोग पाउने

बिर्तामोड (प्रस) । कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि जारी निषेधाज्ञाका कारण दैनिक छाक टार्न समस्यामा परेका अपाङ्गता भएकाहरुले खाद्यान्न तथा स्वास्थ्य सामग्री सहयोग पाउने भएका छन् । झापामा कोभिड-१९ का कारण प्रभावित अपाङ्गता भएकाहरुलाई सहयोग गर्ने सरोकारवालाले प्रतिबद्धता जनाएका हुन् । माङजुङ गरेर र आफ्ना उत्पादन बिक्री तथा मजदुरी गरेर जिविकोपार्जन गर्दै आएका अपाङ्गता भएकाहरु जारी निषेधाज्ञाका कारण भोकभोकै बस्नुपर्ने अवस्था आएपछि बिहीबार बिर्तामोडमा भएको एक छलफलका सहभागीले उनीहरुलाई सहयोग गर्ने बताएका हुन् ।

संवाद समूह झापाको संयोजनमा बिर्तामोड उद्योग वाणिज्य संघमा भएको छलफलमा सहभागी विभिन्न सामाजिक तथा व्यवसायिक संघ-संस्थाले अपाङ्गता भएकाहरुलाई भोकै बस्न र उनीहरुको चुल्हो निभ्न नदिने प्रतिबद्धता जनाएका हुन् ।

छलफलमा अपाङ्गता भएकाहरुको प्रतिनिधित्व गर्दै आबद्ध संस्थाका नेताहरुले खाद्यान्न, सेनिटरी प्याड, डाइपर, मास्क, सेनिटाइजर, अपाङ्गता सहायक सामग्रीलगायत तत्काल आवश्यक भएको र अपाङ्गता भएकाहरु अत्यन्त समस्याबाट गुज्रिरहेको बताएका थिए ।

मेची बहिरा संघका अध्यक्ष गणेश पौडेल, महासचिव हरिप्रसाद अधिकारी, नेत्रहीन संघका संरक्षक

द्रोणचार्य निरौला, बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थाका अध्यक्ष दीपक थापा लगायतले अपाङ्गता भएकाहरुका समस्या राखेका थिए ।

छलफलमा एकका लागि एक अभियानका सहसंयोजक विनोद बस्नेतले मानवताको सेवामा सबै एकजुट भएर लाग्नुपर्ने बताउँदै अभियानबाट आवश्यक सहयोग गर्ने बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले यस क्षेत्रका संघ-संस्थाहरुको सहकार्य र समन्वयबाट सहयोग गर्ने बताए । चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमलीले अपाङता भएकाहरुलाई संकट परेको बेला सहयोग गर्ने परोपकारी काम भएको हुँदा आवश्यक सहयोग गर्ने बताए । औषधि व्यवसायी संघका महासचिव तथा लायन्स क्लबका जोन चियर पर्सन जीवनकुमार खड्का, मारवाही युवा मञ्चका अध्यक्ष पंकज मित्तल, राउण्ड टेबलका दीपक मित्तल, छठ समाज सेवा समितिका मनोज साह रौनियारले पनि आवश्यक समन्वय र सहयोग गर्ने बताएका छन् ।

त्यस्तै बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कुमार भट्टराई, महासचिव अर्जुन मैनाली, कोषाध्यक्ष दिपेन्द्र राउत, सहकोषाध्यक्ष राधिका चुडाल हुमागाँई, सदस्य तुलसा ढकाल, व्यवसायी अर्जुन चुडाललगायतले समेत अपाङ्गता भएकाहरुको सहयोगमा सबैले ध्यान दिनुपर्ने बताए ।

बिहीबार नै बसेको सबैखाले अपाङ्गता भएकाहरुका प्रतिनिधि

❖ बाँकी तेस्रो पृष्ठमा

महेन्द्र रत्न माध्यमिक विद्यालय
बिर्तामोड-३, बिर्ताबजार (झापा)
शैक्षिक सत्र २०७८ को लागि
भर्ना खुल्यो
+2
मानविकि (Arts)
व्यवस्थापन (Commerce)
शिक्षा (Education)
विज्ञान (Science)
कम्प्यूटर (Computer)
कक्षा ११ मा अंग्रेजी र नेपाली माध्यमबाट गराईने
☎ ०२३-५४०१७३, ९८४२६५५५३०, ९८४२६९८८५८

AMITY
For those who want to excel
Congratulations to all SEE Graduates
Amity Education Foundation
A purely English medium institution known for its conducive academic environment and excellent results year after year
OPENS ADMISSIONS IN CLASS -XI
+2
Business Studies
Computer Science
Hotel Management
Get Registered Immediately
AMITY SEC. SCHOOL
Birtamode-05, Jhapa, Nepal
Tel.: 023-590762,541269
Mob: 9852642762

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

बैदेशिक रोजगार कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

झापा (प्रस) । बैदेशिक रोजगार कसुर मुद्दाका एक फरार प्रतिवादी पक्राउ परेकी छन् । पक्राउ पर्नेमा बिर्तामोड ६ बस्ने ४८ वर्षिया उर्मिला पन्धाक रहेकी छन् ।बैदेशिक रोजगार न्यायाधिकरणको २०७२ जेठ १७ गतेको फैसला बमोजिम बैदेशिक रोजगार कसुर मुद्धामा पन्धाकलाई एक बर्ष छ महिना कैद र १ लाख ५० हजार रुपैयाँ जरिवाना तोकिएको थियो । उनी एक महिना न्यायिक हिरासतमा बसेकी थिइन् भने १ हजार ५६२ रुपैयाँ धरौटी बुझाएकी थिइन् । सर्वोच्च अदालत निर्देशनालयद्धारा गठित फैसला कार्यान्वयन झापाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी बिहीबार झापा जिल्ला अदालत भद्रपुरमा उपस्थित गराएको थियो । उनलाई कारागार पठाउनका लागि जिल्ला प्रहरी कार्यालय झापामा राखिएको छ ।

श्री दुर्गा माध्यमिक विद्यालय
बिर्तामोड-९, गरामनी (झापा)
शैक्षिक सत्र २०७८ को लागि
भर्ना खुल्यो
+2
मानविकि (Arts)
व्यवस्थापन (Commerce)
शिक्षा (Education)
कक्षा ११ मा व्यवस्थापन संकायमा अंग्रेजी माध्यममा पनि अध्यापन गराईने
☎ ९८५२६७८७९०, ९८६३११७९५, ९८४२७१५४३८

बिर्तामोड नगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना

जेष्ठ नागरिक
एकल महिला
अशक्त/अपाङ्ग
लोपोन्मुख जाति
बालबालिका

सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०७८ श्रावण १ गते देखि भाद्र मसान्तसम्ममा** सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । बालबालिका,पूर्ण अपाङ्गता, ९० वर्षमाथी र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

आवश्यक कागजातहरु
- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण सेवा इकाइ
बिर्तामोड नगरपालिका,झापा

Congratulations to all the SEE Graduates
Admission Open in Class XI
We proudly offer you courses on Sports Science for the first time in our town.
Welcome you all in our best Computer Science and Business Math classes.
Our Features :
- Well experience and dedicated faculties.
- Modern and well equiped computer lab and library.
- Board play ground with covered hall.
- Regular training and practical classes for football, Volleyball, cricket, martial arts, table tennis and athletics.
- Peaceful and beautiful environment.

Admission forms are available.
Please contact us for more details.
Nawodaya Funmin Shikshya Sadan
Birtamod-3, Suryanagar
(Opposite to Heaven Water Park.)
Ph. 023-545008, 9806071333, 9852673540
9804966689, 9803621449

नगर युवा परिषदद्वारा पत्रकार मण्डललाई सम्मान

झापा (प्रस) । भद्रपुर नगरपालिकाको नगर युवा परिषद्ले युवा पत्रकार पार्थ मण्डललाई सम्मान गरेको छ ।
'खाद्य प्रणालीमा रूपान्तरण : मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा नगर युवा परिषद्ले युवा पत्रकार रुपमा मण्डललाई सम्मान गरेको हो ।
नगरपालिकामा बिहीबार आयोजित युवा सम्वाद तथा सम्मान कार्यक्रममा नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले दोसल्ला ओढाएर पत्रकार मण्डललाई सम्मान पत्र प्रदान गरेका थिए ।
प्रेस क्लव भद्रपुरका सचिवसमेत रहेका पत्रकार मण्डल पूर्वाञ्चल दैनिक, थाहाखबर, एबिसी टेलिभिजन, हिमालयन टाइम्स, मकालु टेलिभिजन, सूर्योदय टेलिभिजन, आँगन एफएम र टाइम्स अफ प्रदेशलगायतका मिडियामा आवद्ध छन् ।
त्यस्तै सोही कार्यक्रममा नगर क्षेत्रका सक्रिय सामाजिक संस्था भद्रपुर जेसीजलाई सम्मान गरिएको छ । जेसीजका अध्यक्ष खिलनाथ पाण्डे (निकास) लाई सो सम्मान पत्र मेयर श्रेष्ठले प्रदान गरेका थिए ।जेसीजले कोभिड-१९ को महामारीमा नगरक्षेत्रमा एक संक्रमित, एक दाता अभियान चलाउँदै संक्रमितको घर-घरमा पुगेर राहत सामग्री वितरण गरेको थियो । कोभिड-१९ को दोस्रो लहरमा कोरोना संक्रमितको शव व्यवस्थापनमा दिनरात खटिएका स्काउटर शिवानी देवान र विवेक चम्लागाईलाई पनि सम्मान गरिएको छ ।
उनीहरुलाई मेयर श्रेष्ठले सम्मानपत्र प्रदान गरेका थिए । त्यसैगरी कोभिड व्यवस्थापनमा युवाको भूमिका र कोभिडको सामाजिक असर शिर्षकमा आयोजित भिडियो वक्तृत्वकला प्रतियोगितामा नगर क्षेत्रबाट सहभागीमध्ये प्रथम हुने शंशाक न्यौपाने, द्वितीय हुने आराध्या प्याकुरेल, रीना घिमिरे र तृतीय हुने निशा लामिछानेलाई पुरस्कृत गरिएको छ ।
उनीहरुलाई नगदसहित प्रशंसापत्रले पुरस्कृत गरिएको थियो । प्रतिभा पहिचानतर्फ प्रथम भिषजा खतिवडा, द्वितीय आराध्या प्याकुरेल र तृतीय साकारबाबु खतिवडालाई पुरस्कृत गरिएको छ । नगरपालिकाका मेयर श्रेष्ठको अध्यक्षता तथा प्रदेश १ का सामाजिक विकास मन्त्री उषाकला राईको प्रमुख आतिथ्यतामा अन्तर ेिष्ट्रिय युवा दिवसको भर्चुअल सम्बादमा राष्ट्रिय युवा परिषद नेपालका उपाध्यक्ष माधव ढुंगेलले सरकारको युवा सम्बन्धि नीति, जिल्ला युवा समिति झापाका अध्यक्ष मदन बुढाथोकीले कोभिडमा युवाको भूमिका, राष्ट्रिय युवा परिषद नेपालका सदस्य गोविन्द गिरीले राष्ट्रिय युवा नीति, नागरिक समूहका संस्थापक अध्यक्ष निगम हुमागाईले नेपाली युवा र आगामी कार्य दिशा, अन्तर ेिष्ट्रिय युवा केन्द्रका राष्ट्रिय सचिव डा. एकराज दाहालले कोभिड महामारी, खाद्यान्न एवम् स्वास्थ्य सजगतामा युवाको भूमिका, नगरपालिकाकी उपमेयर चन्द्रामाया श्रेष्ठले युवा र लैङ्गिक समानता र मेयर श्रेष्ठले नगरपालिकाको युवा मैत्री नीति तथा कार्यक्रमका बारेमा आ-आफनो धारणा राखेका थिए । नगर युवा परिषदका कार्यकारी उपाध्यक्ष सरोज ढकालको संयोजनमा भएको कार्यक्रमको सञ्चालन नगर शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख प्रेम भुजेलले गरेका थिए ।

अर्जुनधारामा आजदेखि जग्गाको नापजाँच गरिने

अर्जुनधारा (प्रस) । अर्जुनधारा नगरपालिकाले आज शुक्रबारदेखि अव्यवस्थित बसोबासीको विवरणअनुरुप जग्गा नापजाँच सुरु गर्ने भएको छ ।नगरपालिकामा बिहीबार बसेको सर्वदलीय बैठकले नगरपालिकामा संकलन भएको अव्यवस्थित बसोबासीको विवरणअनुरुप जग्गा नापजाँच गर्ने निर्णय गरेको हो । जसका लागि जिल्ला नापी कार्यालय झापाबाट प्राविधिक झिकाइने भएको छ ।बैठकले जग्गा नापजाँचका लागि चारपाने चौकबाट कन्ट्रोल प्वाइन्ट पहिचान गर्ने कार्य सुरु गर्ने निर्णय गरेको छ । नेशनल ग्रिडमा जोड्नका लागि नापजाँच सुरु गरिनेछ । नगरमा संघीय आयोगमा आवेदन फारम प्रविष्ट गर्ने काम भइरहेको बताइएको छ ।अर्जुनधारामा अव्यवस्थित बसोबासीहरुको ७ हजार २२५ फारम भरिएको छ । जसमा ६ हजार ३०९ अव्यवस्थित बसोबासी, २० ९ भूमिहीन दलित र बाँकी ७०७ भूमिहिन सुकुम्बासी रहेका छन् ।जसमा वडा नं. ९ र १० को प्रविष्ट गर्ने काम सकिएको, ६ र ८ को अन्तिम चरणमा पुगेको, ११ नम्बर वडाको ७५ प्रतिशत काम सकिएको र अन्य वडाको पूर्णरुपमा बाँकी रहेको नगरको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी अव्यवस्थित बसोबासीहरुको लगत संकलन इकाइ प्रमुख चुडामणि निरौलाले जानकारी दिए ।यसैगरी, चालू आर्थिक वर्ष ०७८/०७९ मा अर्जुनधारा नगरपालिकाले सञ्चालन गर्ने नगरस्तरीय योजनाहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोग गर्ने निर्णय भएको छ ।जनप्रतिनिधि, स्थानीय राजनीतिक दल र सरोकारवालाहरु सहभागी भएको सर्वपक्षीय बैठकबाट उक्त निर्णय गरिएको नगर प्रमुख हरिकुमार रानाले जानकारी दिए ।यस्तै, बैठकले पारित गरेको अन्य निर्णयहरुमा चालू आर्थिक वर्षमा नगरपालिकाबाट बग्ने नदीजन्य सामग्रीहरुको उत्खनन् तथा बिक्री वितरणका लागि अद्यावधिक आईई प्रतिवेदन बमोजिमको परिमाणमा नदीजन्य सामग्री उत्खनन् तथा बिक्री वितरणका लागि ठेक्का बन्दोबस्त गरिने भएको छ ।विगतमा नदीजन्य सामग्री उत्खनन् तथा बिक्री वितरणबाट हुने आय संकलनका लागि कार्यालयबाट जारी भएको रसिदमा उल्लेखित बराबरको रकम राजश्वमा दाखिला गरिएको वा नगरिएको विषयमा नगर कार्यापालिकाबाट छानविन समिति गठन गर्ने पनि निर्णय भएको छ ।नगर प्रमुख रानाको अध्यक्षतामा बसेको बैठकमा नेकपा एमालेका नगर अध्यक्ष प्रेमसागर सापकोटा, नेपाली कांग्रेसका नगर सभापति हेमप्रसाद खरेल, नेकपा माओवादी केन्द्रका इन्चार्ज नारद दुःखी, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधि लवकुश गिरी, राष्ट्रिय जनमुक्ति पार्टीका प्रतिनिधि दिलीप राई, कार्यपालिका सदस्यहरु जीवकुमार भण्डारी, लोकनाथ गौतम, नवराम ढुंगाना , भैरवबहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत अम्बिकाप्रसाद चौलागाईं, लेखा अधिकृत रामचन्द्र घिमिरे, अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शीलगायतको सहभागिता रहेको थियो ।

महाधिवेशनको नयाँ कार्यतालिकामा सहमति जुटेन

झापा (प्रस) । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा पार्टीको १४ औँ महाधिवेशनको परिवर्तित कार्यतालिकामा सहमति जुट्न सकेन।

सभापति शेरबहादुर देउवा निवास बूढानिलकण्ठमा बसेको केन्द्रीय कार्यसमितिमा महामन्त्री पूर्णबहादुर खड्काले केन्द्रीय निर्वाचन समितिले पारित गरेर पठाएको निर्वाचन निर्देशिका प्रस्तुत गरेका थिए।उक्त प्रस्तावमा सहमति जुट्न नसकेको बुझिएको छ। केन्द्रीय कार्यसमिति सदस्यहरुको सुझाव बमोजिम १४ औँ महाधिवेशनको परिवर्तित कार्यतालिका आउने प्रवक्ता विश्वप्रकाश शर्माले बताए।

बिहीबारको बैठकमा महामन्त्री खड्काले प्रस्तुत गरेको निर्वाचन निर्देशिकामा छलफल गरी प्राप्त हुने राय, सुझाव बमोजिम बैठक सकिँदा निर्देशिका पारित गरिने प्रवक्ता शर्माले बताए।
'बैठकमा केन्द्रीय कार्यसमितिले कार्यतालिका निर्माण गर्नेगरी बैठकमा प्रस्ताव प्रस्तुत भएको छ। केन्द्रीय कार्यसमिति सदस्यको सुझाव बमोजिम १४ औँ महाधिवेशनको परिवर्तित कार्यतालिका ल्याउनेछौँ।'
बैठकमा क्रियाशील सदस्यता छानबिन समितिका संयोजक रमेश लेखकले समितिको तर्फबाट विवरण पेश गरेका थिए। यस्तै समायोजन समितिका संयोजक विमलेन्द्र निधिले समायोजन समितिले यस अवधिमा गरेका कामको विवरण पेश गरेका थिए।

केन्द्रीय समिति बैठकमा सरकार सञ्चालन, कोरोना महामारी नियन्त्रणको सम्बन्धमा पनि छलफल हुने शर्माले जानकारी दिए। बैठक शुक्रबार पनि बस्ने छ।

झापा...

साथीहरु लाग्नु भएको छ, हामी भदौको पहिलो हप्तासम्ममा उल्लेख्य सहयोग हस्तान्तरण गर्ने तयारीमा छौं ।' 'झापाली नाटकघरमा झापाली समाज युएईको नाम लेखाऔं' भन्ने अभियान नै संचालन गरिएको छ ।
झापाको बिर्तामोड नगरपालिका-१ मा निर्माणाधीन बहुजातीय संग्रहालय तथा झापाली नाटकघर प्रदेश नम्बर १ कै ऐतिहासिक तथा साँस्कृतिक धरोहरको रूपमा चिनिन थालेको छ । क्षितिज नाट्य समूह र यसका अध्यक्ष माधव कल्पितको अथक र निस्वार्थ प्रयत्नले १० कट्ठा जग्गामा निर्माण सम्पन्न हुन लागेको यो मेघा प्रोजेक्टमा झापाका धेरै साहित्यकर्मी, कलाकार, व्यापारी तथा स्वदेश र विदेशमा रहेका नेपालीहरुले सहयोग गरिरहेका छन् । यो नाटकघर सार्वजनिक सम्पत्ति हो । कला तथा साहित्यको संरक्षण सम्बर्द्धन गर्नु हामी सबैको सामाजिक दायित्व भएको कल्पितले बताए । 'तसर्थ यो अभियानमा झापाली समाज युएईका व्यक्तित्व र केही संस्थागत सहयोग प्राप्त भएकोले लक्ष्य अनुसारको रकम जम्मा भएको छ'उनले भने, 'सहयोगी सबैलाई झापाली समाज युएई, नाट्कघरमा सहयोग संकलन अभियानको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौँ ।'

सहयोग गर्नेहरुमा झापाली समाज युएई केन्द्रीय कार्य समिति, झापाली समाज युएई, अबुधाबी क्षेत्रीय समिति,झापाली समाज युएई, दुबई क्षेत्रीय समिति, झापाली समाज युएई, सारजहा क्षेत्रीय समिति , झापाली समाज युएई, राक क्षेत्रीय समिति, झापाली समाज युएई, अलएन क्षेत्रीय समिति, विशालाक्षी रेस्टुरेन्ट अलनादा, रामप्रसाद ढुंगेल अबुधाबी, दुर्गाप्रसाद सापकोटा (दुर्गेस) लक्ष्मीपुर झापा, लोकेश कोइराला अबुधाबी, गीता माझी दुबई, डि.जी. शर्मा अलएन, , सन्तोष प्रसाईं चारपाने झापा, मातृका लम्साल दुबई, अशोक चापागाईं दुबई, निश्चल दाहाल राक,नरेन्द्र निरौला अबुधाबी, अनु चुडाल -अल सबिल ट्राभल दुबई, इबनारायण तिवारी दुबई,प्रशान्त ताजपुरिया अलएन, प्रेमप्रसाद अधिकारी दुबई, लिला बिमली दुबई, सूर्यबहादुर खवास अबुधाबी, खेमराज भट्टराई दुबई, बिष्णुमाया दंगाल दुबई, काशीनाथ ढकाल अबुधाबी, गुणराज सापकोटा सारजहा, प्रेम गौतम दुबई, धीरेन्द्र यादव दुबई, केशबहादुर कार्की राक, खेम न्यौपाने राक, युवराज अधिकारी राक, वीरबहादुर लिम्बू राक, रमेश कडरिया राक, भिमप्रसाद.प्याकुरेल राक, नवीन कार्की राक, हेमप्रसाद शिवाकोटी राक,रोशन दाहाल राक, बुद्ध लिङ्देन सारजहा, रत्न सापकोटा सारजहा, प्रेमा सुब्बा सारजहा, भरत बुढाथोकी सारजहा, हेमराज शिवाकोटी अबुधाबी, दिनेश नेपाल दुबई रहेका छन् ।

सहयोग रकम नेपाल सम्पर्क समिति अध्यक्ष सापकोटासमक्ष पुगिसकेकाले लकडाउनको अवस्था र समय अनुकूल मिलाएर भदौको पहिलो हप्ताभित्रमा क्षितिज नाटय समूहका अध्यक्ष कल्पित अन्य प्रतिनिधिको उपस्थितिमा हस्तान्तरण गरिने जनाइएको छ ।

झापामा...

लहरमा १२९ जनाको मृत्यु भएको थियो । दोस्रो लहरमा जिल्लाका १५ वटा पालिकामध्ये सबैभन्दा बढी बिर्तामोडमा २९ महिला र २० पुरुष गरी ४९ जनाको मृत्यु भएको छ । त्यस्तै दमकमा १४ महिलासहित ४६ जना , मेचीनगरमा १७ महिलासहित ४२ जना , भद्रपुरमा ७ महिलासहित ३१ जना , अर्जुनधारामा १९ महिलासहित ३० जना , कनकाईमा ७ महिलासहित १९ जना , गौरादहमा ४ महिलासहित ११ जना , शिवसताक्षीमा ५ महिलासहित १४ जना , बुद्धशान्तिमा ११ महिलासहित २४ जना , हल्दिबारीमा २ महिलासहित ८ जना, कचनकवलमा एक महिलासहित ४ जना , कमलमा ४ महिलासहित ९ जना , गौरीगञ्जमा एक महिलासहित ४ जना , बाह्रदशीमा ४ महिलासहित ८ जना , झापा गापामा ३ महिलासहित ७ जना र अन्यमा २४ महिलासहित ६० जना रहेका छन् ।

त्यसैगरी झापामा कूल कोरोना संक्रमितको सँख्या २५ हजार नाघेको छ । जिल्लाका कूल संक्रमितको सँख्या २५ हजार १९८ पुगेको हो । त्यसमध्ये १७ हजार ४३४ जना डिस्चार्ज भएका छन् । अहिले ३ हजार ३२३ जना सक्रिय संक्रमित विभिन्न आइसोलेसनमा रहेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । सरकारले देशका १७ वटा जिल्लालाई कोरोना संक्रमणको अति जोखिममा राखेको छ । त्यसमध्ये झापा पहिलो नम्बरमा रहेको छ । ५ सयभन्दा माथि सक्रिय संक्रमित हुने जिल्लालाई सरकारले जोखिमको रुपमा सूचीकृत गरेको छ। जबकि झापामा सक्रिय संक्रमितको सँख्या ३ हजार ३२३ रहेको छ। त्यो हिसाबले झापा कोरोनाको अत्यन्त धेरै जोखिममा रहेको छ।

सम्पादकीय

चर्चा भूमि आयोगको

यतिबेला खारेजीमा परेको भूमि आयोगको चर्चा निकै छ ।शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार बनेसँगै अघिल्लो सरकारका निर्णय र नियुक्तिहरू प्रकृति हेरेर बदर गर्ने प्रक्रिया सुरु भएको छ । त्यसको पछिल्लो शिकार भूमिसम्बन्धी समस्या समाधान गर्न गठन गरिएको आयोग बनेको छ । ०७६ चैतमा एमाले नेता देवी ज्ञवालीको अध्यक्षतामा बनेको केन्द्रीय आयोग र पछि जिल्लाहरूमा बनेका आयोगका पदाधिकारीलाई हटाउँदै सरकारले भूमि आयोग खारेज गरेको छ । यसले समाजमा एउटा तरंग सिर्जना गरेको छ । सरकार पक्षले यस निर्णयलाई जायज ठहऱ्याइरहेको छ । एमालेले यस निर्णयप्रति आपत्ति जनाएको छ । यसकारण यो सार्वजनिक महत्वको बहसको विषय बनेको छ । यस्ता सबै प्रकृतिका समस्याको खोजबिन गरी जोतभोग र स्वामित्वको वास्तविकता पत्ता लगाएर सबैखाले भूमि समस्या हल गर्न भन्दै ऐनसमेत ल्याएर अहिलेको भूमि आयोग बनाइएको थियो । यसले आफैँले भन्दा पनि स्थानीय तहका माध्यमबाट काम गर्ने नीति लिएको थियो । यस क्रममा १० लाखभन्दा बढी किसान र भूमिहीन या अव्यवस्थित बसोवासीको लगत संकलन र केही हदसम्म जग्गा नापजाँचको काम पनि सकिएको थियो ।

ज्ञवाली आयोगमा काम गरिरहेका सबैजसो व्यक्तिहरू एमालेकै नेता, कार्यकर्ता हुनु र त्यसमा पनि ओली समूहकै मात्र हुनुले यसको राजनीतिक अर्थ खुल्छ । ओलीले देवी ज्ञवालीकै नेतृत्वमा आयोग बनाउँदा पनि यो आयोगको काम साझा महत्वको हो, सबै मिलेर समाधान गरौँ भन्ने भावनासाथ सबै पक्षलाई समेटेर या गैरराजनीतिक चरित्र देखिने गरी व्यक्तिहरू छनोट गरेर नियुक्त गरेका थिए भने देउवा सरकारले यसरी आयोग नै भंग गर्ने थिएन सायद । अब पनि देउवाले ज्ञवाली आयोगले थालेको कामले निरन्तरता पाउने गरी तत्काल आयोग पुनर्गठन गरी त्यसमा राजनीतिक लाभ बाँडफाँड हुने शैली अपनाएर तत्काल काम आरम्भ गर्न जरुरी छ । भूमि समस्या लामो समय नबल्झाऊ, अन्तिमपटक यसको समाधानमा राजनीतिक सहमति जुटाएर काम गर । सधैँ जमिन बाँडेर मात्र सुकुम्वासी समस्या हल हुँदैन । भर्खरै भूमि आयोग खारेजीमा सर्वोच्चले कारण देखाऊ आदेश जारी गरिसकेको छ ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

आफैँमा हराउँदै नेपाली युवा शक्ति

गोपीनाथ मैनाली

> युवाहरु मुलुकका आशा र भारोसा हुन् । समाजलाई रुपान्तरण गर्ने अदम्य शक्ति भएर पनि युवाशक्ति आफैँमा हराएको छ । युवाहरुले आफनो मातृभूमिमा आफ्नो भविष्य सुनिश्चित छ भनेर आर्थिक सामाजिक रुपान्तरणको यात्रालाई गतिवान बनाउनु पर्दछ

कुनै पनि मुलुकको वास्तविक पूँजी भनेका त्यहाँका मानिस, त्यसमा पनि युवा हुन् । वास्तविक विकास भनेको युवा वर्गलाई आशा र उमङ्गका साथ सिर्जना र निर्माणमा लगाउनु हो । युवाहरू विचार, उत्साह र जागरणका पुञ्ज हुन् । युवाहरू शक्ति र ऊर्जाका स्रोत हुन् । भनिरहन परोइन, मुलुकको भविष्य युवाहरूको आशा, उत्साह र कर्ममा हुन्छ । युवा नै भविष्य हुन् । युवाहरूको परिश्रम, समर्पण र सिर्जनाले समाजको विवेकपूर्ण पुनर्निर्माण भैरहेको हुन्छ । समाजको विसंगति र बिब्ल्याटाहरूलाई बढार्ने पनि युवा नै हो । युवा आक्रोश र विद्रोह हो, ऊ विध्वंश गर्न पनि पछि पर्दैन । नजाने युवा कुण्ठा, भग्नासा र निराशा पनि हो, उ पलायन हुनसक्छ, वर्वाद हुनसक्छ ।

त्यसैले युवाको उपयोग कसरी गर्ने ? युवालाई निर्माण र विनिर्माणमा कसरी स्वचालित गर्ने ? सिर्जना र सकारात्मकतामा कसरी ल्याउने ? भन्ने चिन्ता नीतिशिल्पीहरूमा छ । युवा अपेक्षा र युवा उपयोगबीच कसरी सन्तुलन ल्याउने ? युवालाई सुनश्चित भविष्यको कसरी आश्वस्त पार्ने चिन्ता र चासोमा सरकारहरू छन् ।

नेपालमा युवाहरूको अवस्था

पछिल्लो जनगणना अनुसार नेपालमा आर्थिक रूपमा सक्रियहरूको जनसंख्या ५७ प्रतिशत छ । कानूननले परिभाषा गरेको युवाहरूको संख्या पनि चालिस प्रतिशत छ । युवावस्थाको परिभाषा देशगतरूपमा मात्र फरक भएको होइन, कानून र अर्थशास्त्रले पनि फरक मान्दै आएको छ । युवावस्थालाई उमेरका आधारमा मात्र हेर्ने कि उसको सक्रियता, जोश र दृष्टिकोणबाट हेर्ने भन्ने पनि प्रश्न उठ्न सक्छ ।

त्यसैले आजभोलि युवावस्थाको परिभाषा नै बदल्नुपर्छ भन्ने चर्चा पनि भएको पाइन्छ । तर जे होस्, युवावस्था भनेको सपना देख्न सक्ने, सक्रियता देखाउन सक्ने, सामर्थ्य र सम्भावना भएको जीवनको हिस्सा हो, समयले दिने अवसर पनि हो । प्रत्येक व्यक्तिले त्यो अवसर पाउने गर्दछ । यस अवसरलाई उपयोग गर्न सक्षमहरू नै आफ्नो प्रगति पनि गर्दछन् र मुलुकलाई पनि प्रगतिको मार्गमा लैजान्छन् ।

नेपालमा भन्ने गरिएको जनसांख्यिक लाभांश उल्लिखित अवस्था हो, जसलाई उपयोग गरेर मुलुक र व्यक्ति दुवै समृद्ध हुनसक्छन् । धेरैजसो मुलुकहरूका लागि यो अवसर उपलब्ध छैन, शताब्दीऔंसम्म उपलब्ध हुने सम्भावना पनि छैन, किनकी कतिपय मुलुकहरू एजिङको समस्यामा छन्, कतिपय मुलुकमा विवाह र सन्तान उत्पादन गर्ने सोचबाट विस्तारै विषयान्तर हुने सामाजिक संस्कृतिले जरा गाड्दैछ ।

लिभिङ टुगेदरको संस्कृति पनि विकास हुँदैछ । तर नेपाल यस्ता प्रवृत्तिबाट बिल्कुल अलग छ र जनसंख्याको लाभ लिनसक्ने अवस्थामा छ । यस अवस्थालाई अवसरको रूपमा लिएर युवा श्रम शक्ति, सम्भावना र क्षमतालाई उपयोग गर्नुपर्ने अवस्थामा छ । यसले विकासको छुट्टै सम्भावनातर्फ संकेत गर्दछ । यसका लागि सरकार, निजीक्षेत्र, समुदाय र युवासँग सम्बन्धित निकायहरूले साझा सोच बनाउनुपर्ने आवश्यकता छ । नेपालका युवाहरू आफ्नो गाउँठाउँमा सुनिश्चित भविष्य देख्न छाडेका छन् । यसको पृष्ठभूमिमा विगतका दिनमा मुलुकले कैयनपटक गुमाएको अवसर, सामाजिक द्वन्द्व, राजनैतिक आर्थिक-अस्थिरता कारण बनेर बसेका छन् । तर अब मुलुकमा संक्रमण अन्त्य भएको छ । संक्रमणका रहलपहल असरहरू (आफ्टर सक)लाई पनि युवाहरूले नै ठीक ठाउँमा ल्याउनुपर्दछ ।

युवाहरू स-सानो स्वार्थ र प्रदर्शनमा रमाउने गर्नुहुँदैन, जिम्मेवारीमा रहनुपर्दछ । अहिलेका तरुण सुविधामा उत्साही मात्र होइन, अल्छी पनि बनेको छ । सुविधाले त ज्ञान, शिक्षा, सीप र अवसरका अवरोध भत्काउनु पर्छ, आलस्यता र अलक्ष्याइँमा लाग्नुहुन्न । युवाले थाहा पाउनुपर्छ, उसको प्रत्येक पल उसैको भविष्यका लागि कति महत्वपूर्ण छ । उसले बुझ्नु पर्छ, कर्मले सफलता ल्याउँछ, एउटा सफलताले अर्को सफलता सजिलो बनाउँछ । अर्को सफलताले झनै ठूलो सफलता हात पार्न थप शक्ति, ऊर्जा र उत्साह पैदा गर्छ । सानो असफलता भैहाले पनि कुण्ठा र निराशामा पुगिहाल्नु हुन्न ।

समय बलवान छ, समयलाई सञ्चय गर्न पनि सकिँदैन । समयका अवसर टिप्न नसके समयले नै व्यक्तिलाई किनारा लगाउँछ । यस शताब्दीमा अकल्पनीय सुविधा उपलब्ध छन्, युवाहरू सुविधा लिन अग्रपंक्तिमा छन् । सुविधाका पारखी युवाहरू खुशी छन् । तर युवाहरूले बुझ्नुपर्दछ कि यी सबै सुविधाहरू आफूजस्तै युवाहरूको परिश्रम, खोज र आविस्कारका परिणाम हुन् । त्यसैले अवसरको स्वादमा रमाएर युवादायित्व पूरा हुँदैन । आउने पुस्ताका लागि उसले पनि अरू सुविधा, खोज र प्रणाली निर्माण गर्नसक्नु पर्छ । राम्रो प्रणाली र समाज निर्माण गरेर हस्तान्तरण गर्नुपर्दछ । त्यसो गर्न युवाभित्र नै शक्ति र सामर्थ्य छ, जसलाई उसले नदेखेको मात्र हो ।

नेपालका युवाहरूमा केही असहज प्रवृत्तिगत संस्कृतिको विकास हुन थालेको छ । पहिलो, उसले नेपालभित्र सम्भावना र भविष्य नदेख्ने संस्कृति विकास भएको छ । दोस्रो, श्रम गर्ने बानी हराएको छ, परिश्रमलाई उपेक्षा गर्ने संस्कार हुर्किँदैछ । पढलेखेकाहरूमा यो अरू झाँगिदैछ । तेस्रो, छिटै निराश हुने, विफलताबाट पलायन हुने बानी विकास हुन थालेको छ । चौथो, संयमता र धैर्य लिने बानी टुटेको छ । र पाँचौ, सकारात्मक भन्दा नकारात्मक सोच र आरोप संस्कृति हुर्किँदैछ । यी विसंगति नहटाई नेपालको नवनिर्माण गर्न सकिँदैन । तर थोरै प्रयासमा यी विसंगति हटाउन सकिन्छ ।

युवा शिक्षा र सीप

उल्लिखित प्रवृत्ति विकास हुनुमा मुख्य जिम्मेवारी शिक्षाको छ । नेपालको शिक्षा प्रणाली राष्ट्रिय उद्देश्य पूरा गर्ने, असल नागरिक बनाउने, सीपयुक्त ज्ञान दिने र असल संसकार सिकाउने तर्फ अभिमुख गर्न सकिएको छैन । प्रारम्भिक बालविकासदेखि विश्वविद्यालय तहसम्मको शिक्षाले व्यक्तिलाई नागरिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप र स्वभाव विकास गर्ने हो । तर पाठ्यक्रम, पाठ्यविधि, परीक्षण विधि गतावधिक भएकाले शिक्षाको व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहको उद्देश्यलाई साथ दिएको छैन । परिणामतः ९१ लाख विद्यार्थीहरूमाथि अन्याय भैरहेको छ ।

उसले समाजमा निर्वाह गर्ने भूमिकाका लागि ज्ञान र स्वभाव पाएको छैन, जीवन निर्वाहका लागि सीप पाएको छैन । उच्च शिक्षामा प्रतिस्पर्धा पनि विकास भएको छैन । शिक्षित व्यक्ति श्रम गर्न लजाउँदछ, श्रम नगर्ने सोचले टेबुल मानिसहरू सिर्जनातर्फ शिक्षा गैरहेको छ । यसैले शिक्षालाई सीप, सीपलाई श्रम र श्रमलाई समृद्धिसँग वास्तविक रूपमा आबद्ध गर्ने शिक्षा प्रणाली अहिलेको आवश्यकता हो ।

सीपयुक्त शिक्षा गरीबले मात्र लिने हो कि भन्ने सामाजिक मनोवृत्ति पनि सुधार्नु आवश्यक छ । मौजुदा शिक्षक र शिक्षा प्रशासनबाट यो कति सम्भव भन्ने प्रश्न उठेको छ । किनकी शिक्षा क्षेत्रको जनशक्ति आफ्नो समयको अब्बल जनशक्ति होइन, जो यस क्षेत्रमा आबद्ध छन्, राजनीतिकृत भएकाले पठनपाठनको स्तर गिर्दै गएको छ ।

युवा वर्ग र स्वरोजगारी

शिक्षा प्रणालीले योगादन गर्न नसकेर, उभय पक्षको प्रभाव र सामाजिक प्रवृत्तिका कारण पनि हुनसक्छ, युवा वर्ग उत्पादनशील प्रक्रियामा सजिलै आबद्ध छैन । सार्वजनिक क्षेत्रको जागिरमा लालायित हुने भावना देखिँदैछ । प्रवेशिका वा उच्च शिक्षा पूरा गरेपछि जागिर आफैँले बनाउनु पर्ने भूमिकाबाट ऊ कत्ति पनि सचेत छैन, बरु जागिर खोज्न भौँतारिन्छ ।

सीप, सिर्जना र स्वरोजगारमा अभिमुखीकरण गरेर उपयोगिता सिर्जना गर्ने बाटो भुलिएको छ । श्रम बजार निकै साँघुरो छ । प्रतिस्पर्धात्मक क्षमता पनि विकास भएको छैन, त्यसैले बाध्यात्मक रूपमा पनि जागिरको लालसा जाग्छ र जागिरे बन्छ । जागिरमा पनि निकै कम सम्भावना छन् । सार्वजनिक क्षेत्रको कार्य आयतन पनि घट्दै गएको छ ।

सार्वजनिक क्षेत्र वा आन्तरिक श्रम बजारमा सम्भावना नदेखेपछि सम्भावना र साहस भएका युवाहरू बाह्य मुलुकमा जाने प्रवृत्ति विगत तीनदशकदेखि बढ्दो छ । औपचारिक र अनौपचारिक माध्यमबाट गरी साठी लाखजति युवाशक्ति विदेशिएको छ र अरूकै मुलुकलाई कर्मभूमि बनाइरहेको छ ।

सीप र शिक्षामा पछि परेकाले बाह्य मुलुकमा पनि न्यून वेतन र सुविधामा पसिना बगाइरहेका छन् । केही युवाहरू विदेशमा सिकेको सीपलाई सामाजिक विप्रेषणका रूपमा नेपाल फर्केर उपयोग गरिरहेका छन् र आशालाग्दो भविष्यको निर्माण पनि गरिरहेका छन् । तर धेरैजसो युवाहरूमा यो अभिमुखीकरण र सामर्थ्य देखिएको छैन ।

युवा र राजनीति

युवाहरू नै समाजका सवै क्षेत्रलाई सुसंस्कृत बनाउने भूमिकामा रहन्छन् । युवा जागरणले नै समाजमा लोकतान्त्रिक संस्कार संस्थागत हुने हो । नेपालका युवाहरू राजनैतिक रूपमा निकै सचेत पनि रहँदै आएका छन् । तर राजनीतिलाई राजनैतिक आग्रह र वैयक्तिक लाभहानीमा हेर्ने संस्कृति बदल्न युवाहरूले भूमिका निर्वाह गर्न सकेको छैन । राजनीति नीति र निष्ठाबाट विषयान्तर भैरहेको छ ।

यस अवस्थामा सामाजिक सहमति र असल संस्कारको विकास गर्न युवाहरूले सामाजिक परिचालन गर्न सक्दछन् । उचित अनुचित पर्गेल्न समाजलाई शिक्षा दिन सक्दछन् । तर यसका लागि स्वयं युवाहरू राजनैतिक दलका कार्यकर्ता बन्ने साँघुरो घेराबाट वृहत्तर सामाजिक भावनामा पुग्नु पर्छ ।

राजनैतिक दलभित्र पनि उनीहरूको भूमिका आन्तरिक प्रजातन्त्र विकास, समावेशी सिद्धान्त अवलम्बन, विचार दर्शनको मन्थन र नेतृत्व परिमार्जनको भूमिकामा रहनुपर्दछ भने राजनीतिक दल बाहिरका युवाहरूमा समष्टिगत सामाजिक प्रजनशीलता बढाउनेतर्फ केन्द्रित हुनुपर्दछ । यसले राजनैतिक दलहरूप्रति बढ्दै गएको वितृष्णालाई विश्वासमा बदल्न सक्छ र राज्य प्रणालीको विश्वास बढाउन सक्दछ ।

यस सन्दर्भमा केही प्रसंग उठाउनु उचित हुन्छ । आधुनिक चीनका निर्माता देङले युवाहरू परिचालन गरी डेमोक्रेटिक पार्टीको ‘गरीबमुखी कार्यक्रम’, कम्युनिस्ट युथ लिग (सीवाईएल) को ‘होप प्रोजेक्ट’, व्यापार संघको ‘ग्लोरियस कज’, महिला संघको ‘ एञ्जेल प्रोजेक्ट’मार्फत सीमान्तकृत क्षेत्र र वर्गको उत्थानका लागि सरकारलाई सहयोग पुऱ्याए । युवा राजनीति भनेको नारा जुलुस र पर्चा पाम्प्लेटभन्दा माथि सिर्जना पनि हो र यसले नेतृत्वलाई जनमुखी बन्न आफैँ उदाहरण बनेर नेतृत्व दिन सक्छ भन्ने उदाहरण चीनले दिएको छ ।

यस्तै सन्दर्भ संयुक्त राज्य अमेरिकाको पनि लिन सकिन्छ । २०२० का राष्ट्रपति आकांक्षी एन्ड्र्यु याङले ‘दी वार इन नर्मल पिपुल’मा मानव केन्द्रित पूँजीवादका नाममा समाजवादको नयाँ दृष्टिकोण अघि सारेका छन् । रोजगारी सुरक्षा, सर्वव्यापी आधार भूत सेवा र सर्वव्यापी आय प्रत्याभूति (युबीआई) मा आधारित एन्ड्र्यू याङको समाजवादी धारणा अत्याधुनिक व्यवहारवादी अर्थतन्त्रतर्फको प्रवेशबिन्दु मानिएको छ ।

लोकतन्त्रको वास्तविक लाभांशका लागि अठार वर्ष पुगेका अमेरिकीलाई प्रतिमहिना एकहजार डलरसहित आटोमेसन, कृतिम बौद्धिकता लगायतका कारणबाट जोखिममा परेका र रोजगारी गुमाएकाहरूलाई थप क्षतिपूर्ति दिई स्वस्थ, प्रवीणतायुक्त, शिक्षित, तनावमुक्त अमेरिकी समाज निर्माण याङको अभिष्ट थियो ।

उनका विचार मनपराउनेहरू ‘याङ ग्याङ’ समूह रेडिट, फोरचान, फेसबूक, इन्स्टाग्राम, ट्वीटरलगायत साजिक सञ्जालमार्फत मानवकेन्द्रित समाजवादको अभियानमा छन् ।

सार्वजनिक सेवा र युवा

नेपालको सार्वजनिक प्रशासनप्रति उसको सेवाग्राही र राजनैतिक कार्यकारिणी खुसी छैनन्, जसबाट माया र संरक्षण पाउनुपर्ने उसैबाट आलोचित हुनु सार्वजनिक प्रशासनको लागि प्रश्न चिह्न हो ।

यसको अर्थ सार्वजनिक प्रशासनमाथि सुधारको व्यापक माग र दबाब छ भन्ने हो । सुशासन, सेवा प्रभावकारिता, सदाचार, भ्रष्टाचार नियन्त्रण जे भनौँ, यसको केन्द्रबिन्दुमा प्रशासन सुधार नै रहने गर्दछ । यो माग र दबाबले ल्याएको हाक थेग्नलाई अहिलेको कर्मचारीतन्त्रले सक्दैनन् ।

एक्काइसौं शताब्दीको चुनौती बहन गर्न बीसौं शताब्दीको संयन्त्र र उन्नाइसौँ शताब्दीको प्रवृत्तिलाई एक्काइसौँ शताब्दीको संयन्त्र, प्रविधि र प्रवृत्तिले विस्थापन गर्नुपर्दछ । त्यो भनेको विद्यालय/विश्वविद्यालयका मेधावी प्रतिभालाई प्रणालीभित्र भित्र्याउनु हो । युवाशक्ति भित्र्याउनु हो । नवरक्तको सञ्चार गर्नु हो । जसले सार्वजनिक सेवा सुधारका लागि भित्रैबाट सिर्जनात्मक तनाव पैदा गराओस् ।

तर नेपालको सार्वजनिक सेवाप्रति उम्दा प्रतिभाहरूको आकर्षण घट्दो छ भने आकर्षित भएका युवाहरू पनि आन्तरिक कार्यअनुत्साहमा जागिरे बनेका छन् । सार्वजनिक प्रशासन राज्य सञ्चालन गर्ने स्थायी संयन्त्र हो । यो वृत्ति सेवाका रूपमा रहन्छ र योग्यता प्रणाली यसको प्राण हो । त्यसैले यसभित्र औसतभन्दा उम्दा युवा प्रतिभाको आकर्षण हुनुपर्दछ । उपलब्धमध्ये उत्कृष्ट आकर्षित हुनुपर्दछ ।

यस सेवाभित्र प्रवेश गर्नाले वृत्ति विकास, वृत्ति सुनिश्चितता र राष्ट्रसेवा गर्ने अवसर एकसाथ प्राप्त हुन्छ, जुन अन्यत्र पाउन सकिँदैन । राज्यको संस्थागत संयन्त्र भएको र कुनै पनि व्यवस्थित समाजमा राज्यभन्दा बृहद्, नैतिक, बहुउद्देश्यीय र विश्वासिलो संस्था अरू नहुने भएकोले युवा प्रतिभाहरूको वृत्ति चयनको पहिलो प्राथमिकतामा निजामती सेवा पर्नुपर्दछ ।

संविधान र सार्वभौमशक्तिको क्रियाशीलता निजामती सेवाको कर्मबाट हुन्छ । नीति कार्यक्रमको क्रियाशीलता निजामती कर्मचारीबाट हुने हो । राज्यको वैधता आर्जनको आधार पनि निजामती सेवा नै हो । राष्ट्र निर्माणको ‘स्टील फ्रेम’ पनि निजामती सेवा हो । सुशासन कायम गर्न, शासकीय स्तर विस्तार गर्न र समृद्धिको गन्तव्यमा अगि बढ्न पनि उच्चअभिप्रेरित र आक्रामक निजामती सेवा चाहिन्छ । त्यसैले यति महत्त्वपूर्ण वृत्तिक्षेत्रलाई युवा प्रतिभाले वृत्ति चयनको पहिलो विकल्प बनाउन चुक्नु हुँदैन ।

यसर्थ बजारका उत्कृष्ट प्रतिभा निजामती सेवाभित्र भित्र्याउन सकेमात्र राज्यप्रणालीको प्रभावकारिता, सेवाको गुणस्तर र आविस्कारवादी राज्यप्रणाली विकास गर्न सकिन्छ । तर कतिपय युवाहरू सार्वजनिक क्षेत्रको तलब सुविधाको न्यूनतालाई देखाइ निजामती सेवा अपनाउन अनिच्छा देखाइरहेका छन् । उम्दा प्रतिभाको पहिलो प्राथमिकता बहराष्ट्रिय कम्पनी, कर्पोरेट हाउस र बैकिङ क्षेत्र पर्दै आएको छ । तर वास्तविकता त्यस्तो होइन ।

सार्वजनिक क्षेत्रको इन्स्ट्यान्ट तलब मात्र कम हो, त्यहाभित्रको बिदा, व्यवसायजन्य सुरक्षा, वृत्ति सुरक्षा, वृत्ति विकास र शिक्षा एवं सीप हासिल गर्ने अवसर, सामाजिक सुरक्षा, राज्यले दिने मर्यादाजस्ता फ्रिन्ज बेनेफिटको सापेक्षमा गैरसरकारी क्षेत्रको सुविधा निकै न्यून लाग्न सक्छ । त्योभन्दा पनि बृहद् कुरा राष्ट्रसेवाको अन्तरबोधले आफैँभित्र हुने सन्तुष्टि र अपनत्वबोधले यसको महत्व झनै पुष्टि हुन्छ ।

त्यसैले निजामती सेवा वृत्ति विकास र राष्ट्रसेवाको अपूर्व अवसर हो । अन्य सेवाको पनि मार्गदर्शक र अभिभावक हो । यसको गरिमा तुलनाको विषय नै हुनसक्दैन ।

सार्वजनिक सेवा बाहिर रहेर राज्यका तहगत संयन्त्रसँग सार्वजनिक सेवाको गुणस्तर बढाउन युवाहरू पृष्ठपोषण, सहउत्पादन, लेखाजोखा, अनुगमन, तथा व्यवस्थापनका पक्षमा संलग्न रहेर पनि सार्वजनिक प्रशासनलाई जिम्मेवार, जवाफदेही र प्रभावकारी बनाउने भूमिका खेल्न सक्दछन् ।

समाज सेवा र युवा

समाजमा सेवा गर्ने मनकारी भावना विकास नगरे मानिस कर्मले होइन, जन्मले मात्र श्रेष्ठ बन्नपुग्छ । एक्काइसौँ शताब्दीको विश्वव्यापी संस्कृतिले समाज निमानवीकृत बन्दैछ, व्यक्तिहरू निर्वैयक्तिक बन्दैछन् ।

आधारभूत मानव मूल्य, सत्कर्म र सेवाभाव हराउला कि भन्ने डर छ । व्यक्तिगत स्वार्थभन्दा माथि पनि मानव सेवा छ । सहयोगी हात र मनकारी कर्मको अपेक्षा खास वर्गले राख्ने गर्दछ । युवा जागरण सेवाभाव र मानवीय मूल्य आचरणलाई संस्थागत गर्ने आन्दोलित हुनुपर्दछ ।

केही मनकारी कामहरू समाजबाट हुँदै आएका छन् । रामराज अधिकारीको समूहले मानव सेवा आश्रममा अशक्त र दीनदुःखीलाई आश्रय र स्याहार सम्भार गर्दै आएका छन् । एसएसडीआर कि सविता उप्रेती त्यस्ती युवती हुन्, जसले राम्रो वृत्ति छाडेर अटिज्म प्रभावित व्यक्तिलाई उद्धार गरिरहेका छन् ।

स्नेही काखकी नेहा पोखरेल होस् गुमाएका परित्यक्ता आमाहरूकी आमा बनिरहेकी छन् । पुष्पा बस्नेत, उत्तम सञ्जेल तथा मैले नाम लिन नसकेका धेरै युवाहरूले मानवसेवाको पवित्र कामलाई आ-आफ्नै सामर्थ्य र सक्रियतामा बचाइरहेका छन् । युवाहरू जीवनको कुनै क्षण समाज/मानव सेवामा लाग्नु पर्छ, ता कि समाज सबै मानवजातिको हुन सकोस् ।

उपसंहार

युवाहरू मुलुकका आशा र भारोसा हुन् । समाजलाई रूपान्तरण गर्ने अदम्य शक्ति भएर पनि युवाशक्ति आफैँमा हराएको छ । युवाहरूले आफनो मातृभूमिमा आफ्ना भविष्य सुनिश्चित छ भनेर आर्थिक सामाजिक रूपान्तरणको यात्रालाई गतिवान बनाउनु पर्दछ, किनकी साठीको दशकामा हामीभन्दा पछि रहेका र हामीसँगै विकास यात्रा शरू गरेका दक्षिण कोरिया, सिंगापुर, चीन, मलेसिया जस्ता मुलुकहरू हामीलाई छाडेर निकै अघि बढेका छन् र एक्काइसौँ शताब्दीलाई एशियाको शताब्दी बनाउन लागिपरेका छन्, हाम्रा विगतका दशकहरू गुमेको अवसरका रूपमा रहे । त्यसैले युवा वर्गको काँधमा ठूलो जिम्मेवारी छ । रूपान्तरणका सबै आयामहरू, जस्तो कि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय र शासकीय आयामलाई गतिशील बनाउन युवा वर्गको सार्थक सक्रियता जरुरी छ । उ नै अल्मलियो भने मुलुक अल्मलिइरहने छ । त्यस्तै युवाको उपयोग कसरी गर्ने ? युवालाई निर्माण र विनिर्माणमा कसरी स्वचालित गर्ने ? सिर्जना र सकारात्मकतामा कसरी ल्याउने ? भन्ने चिन्ता र चासोमा नीति निर्माताहरू रहनुपर्दछ । युवा अपेक्षा र युवा उपयोगबीच सन्तुलन ल्याएर नै युवालाई उनीहरूको भविष्यप्रति आश्वस्त पार्न सकिन्छ ।

टीका प्रसाईको दाइजो सार्वजनिक

झापा (प्रस)। मधुर स्वर र कोमलताले भरिएकी गायिका टीका प्रसाईले नेपाली सांगीतिक क्षेत्रमा कर्णप्रिय गीतहरु गाएर आफ्नो फरक पहिचान बनाएकी छन् ।

सामाजिक विकृति विसंगतिविरुद्ध आवाज उठाउने सन्देश सन्देशमुलक गीत गाउन पनि अब्बल गायिकाको रूपमा चिनिएकी गायिका प्रसाईले पछिल्लो कोशेलीस्वरूप दाइजो सार्वजनिक गरेकी छन् ।

सामाजिक कुरीति दाइजोका कारण अझै पनि नेपाली चेलीबेटीहरुले अपमान सहेर बस्नु परेको छ र केहीको त ज्यानै समेत गएको अझै पनि देख्न सकिन्छ । यस्तो कुरीतिविरुद्ध आवाज बुलन्द गरी समाजमा नारीलाई सबल बनाउन दाइजो होइन, शिक्षा दिएर सक्षम बनाउनुपर्छ भन्ने सन्देश बोकेको सुमधुर गीत गायिका प्रसाईले बिहीबार लोकार्पण गरेकी हुन् ।

आनन्दरत्न बज्राचार्यको शव्दलाई अग्रज संगीतकार राजु सिंहले संगीत भरेका छन् । यो गीतको संगीत संयोजन प्रदीप श्रेष्ठ र रेकर्डिङ/मिक्सिङ रदिप श्रेष्ठले गरेका हुन् भने जस्केलो क्रिएसनले म्युजिक भिडियो तयार पारेको हो । समाजमा सकारात्मक सन्देश फैलाउन सफल यो गीतलाई हेरेर प्रतिक्रिया दिन गायिका प्रसाईले आफ्ना दर्शक/श्रोता तथा शुभचिन्तकहरुलाई आग्रह गरेकी छन् ।

नारीवादी दृष्टिकोणबाट मिथ्या समाचार केलाउँदा



● पूजा चौधरी

> अघिल्लो वर्ष मार्चदेखि मेसम्म ट्विटरमा सात सय २४ नेतामध्ये ९५ महिला नेताले करिब दश लाख घृणायुक्त मेन्सन भोगे, जहाँ पाँचमध्ये एक मेन्सन लिंगभेदी वा स्त्रीद्वेषी थियो

अनलाइन संसारले भौतिक संसारका सामाजिक मूल्य-मान्यतालाई अतिरञ्जित गरेर फैलाउँछ । इन्टरनेटमा महिलालाई व्यावसायिक रूपमा कमसल देखाउन र साख गिराउन एवं चुप लगाउन आक्रामक र अपमानजनक ट्रोलिङ गरिन्छ। हालै मुसलमान महिलालाई लिलाम गर्न बनाइएको 'सुल्ली डिल्स' एप यस्तो ट्रोलिङको एक उदाहरण हो। महिला, विशेषतः अल्पसंख्यक समुदायका मुखर महिलाको सहभागितालाई सामाजिक यथास्थिति निबिग्रियोस् भन्नेहरूबाट अवरोध गरिन्छ ।

पुरुषहरू पनि अनलाइन ट्रोलिङको सिकार हुन्छन्, यद्यपि ट्रोलिङ पुरुष र महिलाबीच निकै फरक हुन्छ। मिथ्या समाचार वा गलत सूचनाले पुरुष र महिलालाई भिन्न-भिन्न तरिकाले आक्रमण गर्छ । तर, इन्टरनेट प्रयोगकर्तामा लैंगिक असमानता अत्यधिक रहेको भारतजस्तो मुलुकमा यस्तो भिन्नता अस्वाभाविक भने होइन ।

उदाहरण- कांग्रेस नेताद्वय सोनिया गान्धी र राहुल गान्धीको सामाजिक-आर्थिक एवं राजनीतिक हैसियत मोटामोटी एउटै छ । दुवै नेता मिथ्या समाचारका सिकार छन् । राहुल गान्धीको बौद्धिकतालाई परिहास गर्ने उद्देश्यले उनलाई ' पप्पु' भनेर ट्रोलिङ गरिन्छ । तिनै राहुलकी आमालाई भने राहुललाई भैँ निसाना बनाइँदैन ।

सोनियाको तस्बिरलाई बिकिनी लगाएकी कुनै हलिउड अभिनेत्रीको तस्बिरमा अनुहार टाँसिन्छ वा कुनै पुरुषको काखमा बसेको तस्बिर बनाएर 'चरित्रहीन' देखाउने प्रयास गरिन्छ । श्रीमती गान्धीको शक्ति र सामाजिक हैसियतका बाबजुद पनि उनी भद्दा मिथ्या सूचनाबाट जोगिन सकेकी छैनन् । एम्नेस्टी इन्टरनेसनलको एक प्रतिवेदनअनुसार अघिल्लो वर्ष मार्चदेखि मेसम्म ट्विटरमा सात सय २४ नेतामध्ये पन्चानब्बे महिला नेताले करिब दश लाख घृणायुक्त मेन्सन भोगे, जहाँ पाँचमध्ये एक मेन्सन लिंगभेदी वा स्त्रीद्वेषी थियो ।

यी मिथ्या समाचारमा अन्य किसिमका दुर्व्यवहारझैँ अन्तरसम्बद्ध चुनौती धेरै छन् । अभिनेता स्वरा भाष्कर सम्भवतः सबैभन्दा घटिया लिंगभेदी ट्रोलको सिकार हुन्छिन् भने अभियन्ता सफुरा जरगर मुसलमान भएका कारण थप प्रताडित हुन्छिन् । नागरिकता कानुनविरुद्ध प्रदर्शन गरेका कारण गिरफ्तार भएकी जरगरका नाममा सामाजिक सञ्जालमा यौनजन्य मिथ्या पोर्नोग्राफिक भिडियोको प्रचार गरियो। इन्टरनेट दुर्व्यवहारका व्यापकताका कारण महिलालाई गालीगलोज एवं दुर्व्यवहार गर्नेहरूलाई वास्ता नगर्न वा ब्लक गर्न सुझाइन्छ। सधैँझैँ पुरुषलाई मर्यादित हुनुभन्दा महिलालाई सावधान भएको हेर्न खोजिन्छ । घृणा जनाउने शीर्षकमा साझा गरिएका नग्न तस्बिरलाई ट्विटरजस्ता ठूला सामाजिक सञ्जालले पत्ता लगाएर हटाउन नसक्ने होइन, तर ट्विटरको उदासीनता हेर्न नसकिने खालको छ । हामी पनि घृणा र पोर्नोग्राफिक सामग्रीको फैलावट रोक्न असफल ट्विटरलाई कहिल्यै प्रश्न गर्दैनौं ।

मिथ्या समाचारको लैंगिकीकरणले पनि नारीवादको बहसमा ठाउँ पाउनुपर्छ । इन्टरनेट र डिजिटल माध्यमले लोकतन्त्रलाई प्रभाव पार्न थालेदेखि विश्वमा व्यापक परिवर्तन देख्न सकिन्छ । तर, महिलाले ती माध्यममा आफ्ना विचार खुलेर राख्न पाइराखेका छैनन्। महिलालाई लिंगभेद वा भनौँ लैंगिक हिंसाका धम्कीबाट चुप लगाउने काम भइरहेको छ। अन्तरधार्मिक विवाहको पैरवी गर्दा बलात्कारको धम्की भोगेकी जवाहरलाल नेहरू विश्वविद्यालयकी विद्यार्थी नेता सेहला रसिदले फेसबुक बन्दै गर्नुपर्‍यो ।

पत्रकार राणा आयुबलाई पनि थुप्रैपटक ट्विटरमा बलात्कारका धम्की आइरहेका हुन्छन् । 'सेयरिङ इज केयरिङ' फेसबुक पेज चलाइरहेकी म आफैँ लिंगभेदी हमलाको सिकार हुन पुगेकी छु । एकातर्फ महिला भएकै कारण महिला यौन हिंसाको तारो बनिरहेका छन् भने केही पुरुष महिलाको छद्मनाम र छद्म तस्बिर प्रयोग गरेर धेरैको ध्यान आफूतिर खिच्न उद्यत रहेका देखिन्छन् । भारतको मिथ्या समाचार प्रणालीको केन्द्रमा पुरुष छन् ।

पुरुषका लागि पुरुषले बनाएको मिथ्या समाचार प्रणाली छ । उसो त महिलाले पनि झुटा समाचार साझा नगर्ने होइनन्, तर यस्ता समाचार फैलाउनमा पुरुषहरू नै अगाडि हुन्छन्, कारण स्वाभाविक छ, इन्टरनेटमा महिला प्रयोगकर्ताको तुलनामा पुरुषको संख्या करिब दुई गुणा बढी छ । यो तथ्य हेर्दा 'महिला कुरा काट्छन् भन्ने भाष्य रुढिबद्ध धारणा (स्टेरियोटाइप) हो भन्ने प्रमाणित हुन्छ। ठूलो परिदृश्यमा हेर्ने हो भने यी मिथ्या समाचारले मुख्यतः पुरुषलाई राजनीतिमा लाभ पुऱ्याएको देखिन्छ किनभने उनीहरू आफ्नो राजनीति प्रोपगान्डामै सुरक्षित देख्छन् । मिथ्या समाचार र लिंगभेद एकअर्कासँग परस्पर रूपमा निर्भर छन् । मिथ्या समाचार मुखर महिलाको साख गिराउन लिंगभेदमा आश्रित हुन्छ भने लिंगभेद मिथ्या समाचारलाई पितृसत्तात्मक मूल्य-मान्यतालाई जीवित राख्न प्रयोग गर्छ ।

अपाङ्गता...

सहभागी अर्को बैठकमा समस्यामा परेकाहरुलाई राहत सहयोग उपलब्ध गराउनका लागि तथ्यांक संकलनलगायतका काम गर्न अपाङ्गता जिल्ला समन्वय समिति झापाका सचिव मदनकुमार बोहोराको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल बनेको छ ।

कार्यदलमा हरिप्रसाद अधिकारी, सृजना बराल, सन्तोष सुवेदी र मृगेन्द्रकुमार कार्की सदस्य छन् । कार्यदलले पाँच दिनभित्र १५ वटै पालिकाअन्तर्गत खाद्यान्नलगायत राहत सहयोग अत्यावश्यक भएका अपाङ्गता भएकाहरुको तथ्यांक संकलन गर्ने निर्णय भएको छ । त्यस्तै बैठकले आवश्यक सामग्रीको सूची बनाउने र वितरणका लागि मापदण्ड बनाउने निर्णय गरेको बताइएको छ । छलफलको सहजीकरण संवाद समूह झापाका सहजकर्ता अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

❖ टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
❖ काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
❖ अनावश्यक खर्च गर्ने लगायत लागुऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३



हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१(

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

राशिफल

मेष: आत्मविश्वास, मिहिनेत र लगनशीलताले समस्या समाधान गर्न सकिनेछ।
वृष: काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ उठाउन सकिनेछ।
मिथुन : धेरै सक्रियता स्वास्थ्यका लागि बाधक बन्न सक्छ।
कर्कट : हाँसखेल र मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ।
सिंह : आफन्तको सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ।
कन्या : काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ।
तुला : दिगो काम थाल्ने समय छ। मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
वृश्चिक : पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ।
धनु : स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन्।
मकर : व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ।
कुम्भ : महत्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ।
मीन : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ।